राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक २१८ २०८२ फागुन ३० गते शनिवार (14 March. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## ३० भन्दा बढी जनप्रतिनिधिको पद रिक्त

दैनिक समाचारदाता

काठमाडौं, २७ फागुन । स्थानीय तह र प्रदेशमा ३० भन्दा बढी जनप्रतिनिधिको पद रिक्त भएको छ । प्रतिनिधिसभा सदस्यको चुनाव लड्न स्थानीय तह र प्रदेश सभा सदस्यको पद छाडेकाहरूको ठाउँ रिक्त भएको हो ।




ती रिक्त भएका पदहरूमा उपनिर्वाचन हुन्छ या हुँदैन भन्ने निर्क्योल छैन । स्थानीय तह निर्वाचन ऐनको दफा ३ को उपदफा २ मा एक वर्षभन्दा बढी पदावधि बाँकी रहँदै पद रिक्त भएको अवस्थामा कार्यकारी पदहरूको उपनिर्वाचन गर्न सकिने व्यवस्था छ ।

स्थानीय तहको निर्वाचन २०७९ साल वैशाखमा भएको थियो । २०७९ साल मंसिरमा प्रदेश सभा सदस्यको निर्वाचन भएको थियो । यसआधारमा स्थानीय तह र प्रदेश सभा दुवैको कार्यकाल एक वर्षभन्दा बढी छ ।

निर्वाचन आयोगका सूचना अधिकारी सुमन घिमिरे उपनिर्वाचनबारे निर्वाचन आयोग र सरकारले निर्णय गर्ने बताउँछन् ।

'निर्वाचन आयोग र सरकारको सल्लाह बमोजिम उपनिर्वाचनबारे निर्णय हुन्छ,' उनी भन्छन्, 'निर्वाचन गर्ने हुँदा आगामी चैत महिनाभित्र मिति घोषणा गरियो भने सहज हुन्छ । तर, छोटो अवधि बाँकी भएकाले के हुन्छ यसै भन्न सकिन्न ।'

काठमाडौं महानगरपालिकाको प्रमुख पद नै रिक्त छ । महानगर प्रमुख बालेन्द्र शाह (बालेन) प्रतिनिधिसभा सदस्यको निर्वाचन लड्न गएपछि रिक्त भएको हो । सुनसरीको धरान उपमहानगरपालिको प्रमुख, चितवनको भरतपुर महानगरपालिका प्रमुखको पद रिक्त छ ।

काभ्रेको धुलिखेल नगरपालिका, मोरङको रंगेली नगरपालिका, इलामको सूर्योदय नगरपालिका, सोलुखुम्बुको थुलुङ दूधकोशी गाउँपालिका, उदयपुरको लिम्चुङबुङ गाउँपालिका, स्याङ्जाको कालिकण्डकी गाउँपालिका, कैलालीको टीकापुर नगरपालिको पदाधिकारी पद रिक्त रहेको छ । कतिपय वडा अध्यक्षहरूको पद पनि रिक्त छ ।

२१ फागुनमा सम्पन्न

बाँकी पृष्ठ ४मा

## रौतहट-महोत्तरी घटनामा १४ जना कानुनी घेरामा

दैनिक समाचारदाता

जनकपुरधाम, २९ फागुन । रौतहटमा दलित परिवारमाथि भएको सामूहिक आक्रमण घटनामा संलग्न आठ जनाविरुद्ध ज्यान मार्ने उद्योगसम्बन्धी मुद्दा दर्ता गरिएको छ भने महोत्तरीमा मानव बेचबिखन तथा ओसारपसारको प्रयासमा सात जना पक्राउ परेका छन्।

रौतहटको फतुवा विजयपुर नगरपालिका(५ सन्तपुरस्थित दलित टोलमा दुई महिलासहित ६ जनामाथि भएको आक्रमण घटनामा पीडित बिर्जाराम चमारको उजुरीका आधारमा जिल्ला प्रहरी कार्यालय रौतहटले ज्यान मार्ने उद्योगसम्बन्धी मुद्दा दर्ता गरेको हो।

प्रहरी उपरीक्षक सीताराम रिजालको निर्देशनपछि इलाका प्रहरी कार्यालय विजयपुर लक्ष्मिनियामा बुधबार मुद्दा दर्ता गरिएको प्रहरीले जनाएको छ।




प्रहरीका अनुसार आक्रमणमा संलग्न रहेको आरोपमा पसिन्द्र यादवलाई पक्राउ गरिएको छ। घटनामा संलग्न अन्य आरोपीहरू भुनेश्वर यादव, नितेश यादव, जगु यादव (नगेन्द्र यादव), सुखारी यादव, गिरधारी यादव, नवीनकुमार यादव र जयप्रकाश यादव फरार रहेका छन्। फरार अभियुक्तहरूको खोजी भइरहेको प्रहरीले जनाएको छ। पक्राउ परेका पसिन्द्र यादवलाई प्रहरी हिरासतमा राखिएको छ।

यता महोत्तरीमा मानव बेचबिखन तथा ओसारपसारको प्रयासमा सात जनालाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय महोत्तरीका अनुसार नेपाल(भारत सीमावर्ती भिठामोड सीमा नाकाबाट उनीहरूलाई नियन्त्रणमा लिइएको हो।

प्रहरी निरीक्षक विश्वम्भरनाथ साहका अनुसार सूचनाको आधारमा जलेश्वर नगरपालिका(३ मलिवारा क्षेत्रमा निगरानी बढाउँदा चार भारतीय नागरिक र एक नेपाली महिलालाई पक्राउ गरिएको थियो। उनीहरूले एक नेपाली महिलालाई विवाहको प्रलोभन देखाएर भारततर्फ लैजान खोजेको आरोप छ।

पक्राउ पर्ने भारतीय नागरिकहरूमा गुजरातका सदिक बाक्सु भुर्च, हसम अब्दुला पटेलिया, किसन भगवानभाई गढिया र सुनिल भगवानभाई गढिया रहेका छन्।

यस घटनामा संलग्न रहेको आरोपमा प्रहरीले थप तीन जनालाई पनि पक्राउ गरेको छ। तीमध्ये एक जना पीडितको नक्कली आमाको भूमिका निभाउने धनुषाको मिथिलाबिहारी नगरपालिकाकी ५० वर्षीया महिला, बहिनीको भूमिका निभाउने भंगहा नगरपालिकाकी १८ वर्षीया युवती तथा मुख्य योजनाकार भंगहा(८ का नुरि बाबा उर्फ नु अली रहेका छन्। पक्राउ परेका महिलाहरूको नाम भने प्रहरीले सार्वजनिक गरेको छैन।

प्रहरीका अनुसार आरोपितहरूले विवाहको बहाना बनाएर महिलालाई ललाइफकाइ भारत लैजाने प्रयास गरेका थिए। सातै जनालाई अदालतमा उपस्थित गराई म्याद थप गरिएको छ भने घटनाबारे विस्तृत अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## सुवेदीले हेर्न नमाने रिट

दैनिक समाचारदाता

काठमाडौं । सर्वोच्च अदालतकी न्यायाधीश शारङ्गा सुवेदीले निर्वाचन आयोग नेपालसमेत विपक्षी रहेको एक रिट निवेदनको सुनुवाइ गर्न अस्वीकार गरेकी छन् ।



किशोरी साह कमलले दायर गरेको उत्प्रेषण मुद्दा आफ्नो इजलासमा हेर्न नमिल्ने भन्दै उनले शुक्रबार उक्त मुद्दाबाट अलग भएकी हुन् । शुक्रबार न्यायाधीशद्वय शारङ्गा सुवेदी र टेकप्रसाद ढुङ्गानाको संयुक्त इजलासमा सो रिटको पेसी तोकिएको थियो। तर न्यायाधीश सुवेदीले यही निवेदकको तर्फबाट दायर गरिएको अर्को अन्तरसम्बन्धित रिटमा अघिल्लो दिन आफ्नै एकल इजलासबाट अन्तरिम आदेश जारी भइसकेको कारण देखाउँदै शुक्रबारको मुद्दा हेर्न नमिल्ने आदेश गरेकी हुन्।

एउटै प्रकृतिका तथा एक(अर्कासँग सम्बन्धित मुद्दामा आफूले पहिले नै अन्तरिम आदेश दिइसकेको अवस्थामा न्यायको सिद्धान्तअनुसार अर्को मुद्दा हेर्न नमिल्ने भएकाले उनले 'रिक्युजल' (मुद्दा हेर्नबाट अलग हुने) निर्णय लिएको बताइएको छ।

आदेशमा भनिएको छ, "उक्त निवेदन र प्रस्तुत निवेदन एक(अर्कासँग अन्तरसम्बन्धित रहेकाले प्रस्तुत निवेदन मैले हेर्न मिलेन।" न्यायाधीश सुवेदीको उक्त आदेशमा

बाँकी पृष्ठ ४मा

## ग्यास आपूर्ति सुनिश्चित गर्न आयोगको आग्रह

दैनिक समाचारदाता

काठमाडौं, २९ फागुन । राष्ट्रिय मानव अधिकार आयोगले खाना पकाउने ग्यास लगायतका पेट्रोलियम पदार्थको आपूर्ति सुनिश्चित गर्न आग्रह गरेको छ ।

आयोगका सहप्रवक्ता एवं उपसचिव श्यामबाबु काफ्लेले एक विज्ञप्ति जारी गर्दै मध्यपूर्वमा उत्पन्न परिस्थितिबीच काठमाडौं उपत्यकामा एलपीजी ग्यासको अभाव भएको, त्यसबाट उपभोक्तामा चिन्ता र त्रास सिर्जना भएको भनी प्रकाशित समाचारप्रति आउयोगको ध्यानाकर्षण भएको जनाएका छन् ।



सोही सन्दर्भमा आयोगले नेपाल आयल निगम, वाणिज्य विभाग, नेपाल खाद्य व्यवस्था कम्पनी लिमिटेड लगायत ग्यास बिक्री वितरण गर्ने डिपोहरू समेतको अनुगमन तथा अवलोकन गरेको आयोगले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

अनुगमनका क्रममा आपूर्तिमा केही कमी भए पनि विभिन्न सञ्चारमाध्यममा ग्यासको समग्र आपूर्ति व्यवस्थापनमा नै समस्या भएको भन्ने सन्देश प्रवाह हुँदा उपभोक्ताले आवश्यकता भन्दा बढी भण्डारण गर्ने प्रवृत्ति बढेको आयोगले जनाएको छ ।


कतिपय व्यवसायीले समेत अभाव सिर्जना गर्ने गरेको लगायतका तथ्यहरू समेत प्राप्त भएको आयोगले जनाएको छ ।

'उल्लिखित तथ्यबाट नेपालको संविधानको धारा ४४, उपभोक्ता संरक्षण ऐन, २०७५, नेपाल पक्ष भएको आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार विषयक अनुबन्ध १९६६ ले उपभोक्तालाई प्रदान गरेका अधिकारको प्रचलनमा असहजता सिर्जना गरेको पाइएको छ,' आयोगले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

'उल्लिखित तथ्यबाट नेपालको संविधानको धारा ४४, उपभोक्ता संरक्षण ऐन, २०७५, नेपाल पक्ष भएको आर्थिक

बाँकी पृष्ठ ४मा


अब अनलाइनबाट बुकिङ्को सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020

# महाकुम्भकी भाइरल मोनालिसाले मुस्लिम प्रेमीसँग विवाह

काठमाडौं । महाकुम्भ २०२५ बाट एकाएक चर्चामा आएकी 'भाइरल गर्ल' मोनालिसाले विवाह गरेकी छिन्। महाकुम्भमा भाइरल भएसँगै अभिनेत्री बनेकी मोनालिसाले परिवारको इच्छाविपरीत आफ्नो प्रेमी फरमान खानसँग केरलामा विवाह गरेकी छिन्। परिवारको कडा विरोधका बावजुद उनले तिरुवनन्तपुरमको एक मन्दिरमा हिन्दू रीतिरिवाज अनुसार विवाह गरेकी हुन् ।

प्रयागराज महाकुम्भमा रुद्राक्षको माला बेचिरहेको अवस्थामा उनी गाजलु आँखा र 'मिलियन डलर स्माइल'ले रातारात भाइरल भएकी थिइन्। उनी भाइरल हुँदा १६ वर्षको मात्र भएको र अहिले पनि नाबालिग नै रहेको केही रिपोर्टहरूमा दाबी गरिएको छ। यसले गर्दा यो 'बाल-विवाह' हुन सक्ने आशंका उब्जिएको छ। तर उनका पति फरमान खानले प्रतिक्रिया दिँदै मोनालिसा नाबालिग नभएको बताएका छन्। उनले सञ्चारमाध्यमलाई विवाह दर्ता प्रमाणपत्र देखाउँदै मोनालिसा १८ वर्ष पूरा भइसकेको (वयस्क) प्रमाण पेश गरेका छन्।

मोनालिसाले आफ्ना बुबाले जबर्जस्ती अर्को व्यक्तिसँग विवाह गरिदिन लागेको भन्दै केरला प्रहरीसँग सुरक्षा मागेकी थिइन्। प्रहरीले उनी वयस्क भएको ठहर गर्दै उनलाई आफ्नो इच्छा अनुसार बाँच्ने अनुमति दिएको थियो। मोनालिसाका पति पनि पेशाले अभिनेता हुन्। उनीहरुको प्रेम सम्बन्ध मात्र ६ महिना पुरानो हो। तर, यो प्रेम भावनात्मक रूपमा ६० वर्ष बराबरको गहिरो भएको फरमानले सञ्चारमाध्यमहरुलाई बताएका छन् ।

मोनालिसा इन्दौरकी बासिन्दा हुन् भने फरमान महाराष्ट्रका हुन्। उनीहरूबीच फेसबुकमार्फत प्रेम सम्बन्ध सुरु भएको थियो।





हाल मोनालिसा एक मलायालम फिल्मको सुटिङका लागि केरलामा थिइन्, जहाँ उनले यो कदम चालेकी हुन्। यो विवाहलाई लिएर सामाजिक सञ्जालमा 'लभ जिहाद' सम्बन्धी बहस चर्किएको छ।

उनको विवाहका तस्बिर र भिडियोहरू यतिबेला सामाजिक सञ्जालमा भाइरल भइरहेका छन्। जसमा मोनालिसा दुलहीको पहिरनमा आफ्ना पति फरमान खानसँग निकै खुसी देखिएकी छिन्।

यसैबीच, मोनालिसालाई बलिउडमा डेब्यु गराउन लागेका निर्देशक सनोज मिश्राले यस विवाहप्रति कडाआपत्ति जनाएका छन् मिश्राले सामाजिक सञ्जालमा एउटा लामो पोस्ट लेख्दै यस कदमलाई 'लभ जिहाद' को संज्ञा दिएका छन्। उनले लेखेका छन्, 'यो मेरो जीवनकै सबैभन्दा खराब दिन हो। एउटी गरिब र जङ्गलमा बस्ने केटी, जसलाई मैले महाकुम्भमा देखेपछि तालिम दिएर नायिका बनाउने सपना देखेको थिएँ, उनले आज सबै नष्ट गरिन्।'

मिश्राका अनुसार मोनालिसालाई फिल्म क्षेत्रमा स्थापित गराउन खोज्दा उनले धेरै शत्रुहरू कमाएका थिए र झुटा आरोपमा जेलसमेत जानु परेको थियो। उनले जेलभित्रै बसेर फिल्मको कथा तयार पारेको र १० करोडको ऋण लिएर फिल्म पूरा गरेको दाबीसमेत गरेका छन्।

निर्देशक मिश्राले मोनालिसाको विगतको संघर्षपूर्ण जीवनबार पनि खुलासा गरेका छन्। उनका अनुसार मोनालिसाका बुबाले दोस्रो विवाह गरेपछि उनकी वास्तविक आमाले माग्नेको जस्तै अवस्थामा सडकमा माला बेचेर जीवन गुजारा गरिरहेकी थिइन्। मोनालिसाले यो पीडा आफूसँग धेरै पटक साझा गरेको र परिवारबाट अलग्गिने इच्छा व्यक्त गरेको मिश्राले बताएका छन्।

मिश्राले यस विवाहमा मोनालिसाका म्यानेजर र आफ्ना विरोधीहरूको हात रहेको गम्भीर आरोप लगाएका छन्। उनले थोरै पैसाको लोभमा परेर मोनालिसाले आफ्नो करियर र भविष्य बर्बाद पारेको टिप्पणी गरेका छन्।

'जसका लागि मैले आफ्नो जीवन समर्पित गरेँ, उनैले आज मलाई कतै जवाफ दिन नसक्ने अवस्थामा पुर्‍याइन्,' मिश्राले लेखेका छन्, 'आज उनका बुबा प्रहरी चौकी नजिकै बसेर एक्लै रोइरहेका छन्। कसैलाई फोहोरबाट उठाएर ठूलो बनाउन खोज्नु मेरो गलत निर्णय थियो कि जस्तो लाग्दैछ।' उनले भने ।

***फिल्म 'द डायरी अफ मणिपुर' संकटमा***

सनोज मिश्राले मोनालिसालाई मुख्य भूमिकामा लिएर 'द डायरी अफ मणिपुर' नामक चलचित्र निर्माण गरेका छन्। केही समयअघि मात्रै प्रयागराजमा यसको ट्रेलर सार्वजनिक गरिएको थियो। तर, फिल्म प्रदर्शनको संघारमा रहँदा मुख्य अभिनेत्रीले नै यस्तो कदम चालेपछि फिल्मको भविष्य र लगानीलाई लिएर निर्देशक मिश्रा निकै चिन्तित र मर्माहित देखिएका छन्।

# शिल्पा शेट्टीलाई व्यक्तित्व अधिकारमा अदालतको संरक्षण

मुम्बई । पछिल्लो समय बलिउडका कलाकारहरू आफ्नो व्यक्तित्व अधिकारको संरक्षणका लागि अदालत जाने क्रम बढ्दै गएको छ । यसै क्रममा अभिनेत्री शिल्पा शेट्टीले पनि अदालतबाट राहत पाएकी छन्।

मुम्बई उच्च अदालतले शिल्पा शेट्टीको व्यक्तित्व अधिकारको दुरुपयोग हुन नदिने गरी संरक्षण प्रदान गर्ने आदेश जारी गरेको हो। अदालतको आदेशअनुसार प्रतिवादीहरूलाई शिल्पाको नाम, तस्बिर, आवाज, स्वरूप वा व्यक्तित्व कुनै पनि रूपमा प्रयोग गर्न वा गलत ढंगले प्रस्तुत गर्न निषेध गरिएको छ।

अदालतले विभिन्न डिजिटल प्लेटफर्ममा फैलिएका मानहानि गर्ने तथा अधिकार उल्लंघन गर्ने सामग्री तत्काल हटाउन पनि निर्देशन दिएको छ। साथै सार्वजनिक व्यक्तित्वको पहिचान र प्रतिष्ठालाई अनुमति बिना व्यावसायिक रूपमा प्रयोग गर्न वा डिजिटल माध्यमबाट दुरुपयोग गर्न नपाइने स्पष्ट पारेको छ।

यस विषयमा शिल्पाका कानुनी प्रतिनिधि सना रईस खानले अदालतको निर्णयले इन्टरनेटलाई डीपफेक र नक्कली डिजिटल पहिचान बनाउने माध्यम बन्न नदिने स्पष्ट सन्देश दिएको बताइन्। उनका अनुसार अदालतले शिल्पाको नाम, तस्बिर, आवाज र व्यक्तित्व कानुनी रूपमा मूल्यवान अधिकार भएको र अनुमति



बिना त्यसलाई व्यावसायिक वा डिजिटल रूपमा प्रयोग गर्न नपाइने उल्लेख गरेको छ।

उनले डिजिटल प्लेटफर्म र मध्यस्थकर्ताहरूले यस्ता सामग्री तुरुन्त हटाउनुपर्ने दायित्व रहेको पनि स्पष्ट गरिएको बताइन्। साथै प्रविधिको दुरुपयोग गरी कसैको गरिमा र प्रतिष्ठामा आघात पुर्‍याउने गतिविधि रोक्न पनि अदालतले निर्देशन दिएको जनाइन्।

शिल्पा शेट्टी अब अनलाइन माध्यममा आफ्नो पहिचान दुरुपयोग भएको मुद्दामा अदालतबाट राहत पाउने बलिउड कलाकारहरूको सूचीमा थपिएकी छन्। यसअघि काजोल, ऐश्वर्या राय बच्चन, शत्रुघ्न सिन्हा, अभिषेक बच्चन र सलमान खान लगायतका कलाकारले पनि यस्तै मुद्दामा कानुनी संरक्षण पाइसकेका छन्।

शिल्पा शेट्टीले व्यक्तित्व अधिकारको संरक्षणको माग गर्दै सन् २०२५ को नोभेम्बरमा अदालतमा निवेदन दिएकी थिइन्। गत साता भएको सुनुवाइका क्रममा अदालतले सम्बन्धित व्यक्तिको अनुमति बिना कृत्रिम बुद्धिमत्ता प्रयोग गरी सेलिब्रेटीहरूको व्यक्तित्व नक्कल गर्ने उपकरणको वैधानिकतामाथि पनि प्रश्न उठाएको थियो।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |


# विश्वका पाँच चर्चित नेता र उनीहरूका विशेष गुण



नेपालमा भर्खरै निर्वाचन सम्पन्न भएको छ। निर्वाचनले देशको नयाँ नेतृत्व चयन गर्छ। र, ती नेतृत्वहरूले इतिहास रच्न सक्छन्। यही सेरोफेरोमा आज हामी इतिहासमा आफ्नो विचार, साहस र नेतृत्वले महान बनेका केही नेताहरूबारे चर्चा गर्ने छौं:

***महात्मा गान्धी***

भारतका सर्वमान्य नेता महात्मा गान्धी अहिंसा, सत्याग्रह र नैतिकताका कारण विश्वभर चिनिएका छन्। उनको वास्तविक नाम भने मोहनदास करमचन्द गान्धी हो। उनलाई आज विश्वकै सबैभन्दा प्रभावशाली आध्यात्मिक र राजनीतिक नेता मानिन्छ।



उनले भारतलाई बेलायती उपनिवेशनबाट मुक्त गराउन अहिंसात्मक आन्दोलन र सत्याग्रहलाई मुख्य हतियार बनाएका थिए।

'भारत छोडो आन्दोलन'को नेतृत्व गर्दै उनले 'गर या मर' तरिकाले नेतृत्व गरेका थिए। यही विधिबाट उनले आफ्नो आन्दोलन सफल बनाएका थिए। हातहतियारबिना नै नैतिक बलको आधारमा पनि ठूला साम्राज्यलाई झुकाउन सकिन्छ भन्ने विश्वलाई उनले दिलाए।

उनको सादा जीवन र उच्च विचारको चर्चा विश्वभरी नै हुन्छ।

**नेल्सन मन्डेला**

दक्षिण अफ्रिकाका नेल्सन मन्डेला लामो समय दक्षिण अफ्रिकामा रङ्गभेद विरुद्धको लडाइँमा लागेका व्यक्ति हुन्। यही कारण उनी २७ वर्षसम्म जेल बस्नुपर्‍यो। तर, उनको लडाइँ सत्यको पक्षमा थियो। उनले सदा समानता र मानव गरिमाका लागिप लडिरहे। यही कारण उनी दक्षिण अफ्रिकाको लोकतान्त्रिक रूपमा निर्वाचित पहिलो अश्वेत राष्ट्रपति समेत बने।



यसरी उनले लामो समयसम्म अफ्रिकी नेशनल कांग्रेसमार्फत जातीय विभेद विरुद्ध सशस्त्र र शान्तिपूर्ण दुवै प्रकारका संघर्ष गरे। जेलबाट निस्किएपछि उनले श्वेत र अश्वेत नागरिकबीचको खाडल पुर्न 'सत्य र मेलमिलाप आयोग' गठन गरे।

आज धेरैले उनको 'क्षमा दिने' गुणबारे पनि बखान गर्छन्। दशकौंसम्म जेलमा यातना भोगे तर जेलबाट निस्किएपछि उनले बदलाको भावना राखेनन्। आफूलाई दमन गर्नेहरू विरुद्ध बदला लिनुको सट्टा 'मेलमिलाप'को बाटो रोजे। शत्रुलाई पनि मित्र बनाउन सक्ने उनको त्यो क्षमताले दक्षिण अफ्रिकामा हुनसक्ने सम्भावित गृहयुद्ध टर्‍यो। र एउटा नयाँ राष्ट्रि निर्माण भयो।

***अब्राहम लिंकन***



अमेरिकाका १६औं राष्ट्रपति अब्राहम लिंकनले देशलाई गृहयुद्ध जस्तो इतिहासकै कठिन मोडबाट बचाएर मानवताविरोधी 'दास प्रथा'लाई कानुनी रूपमै अन्त्य गरेका थिए। जुन काम उनले सन् १८६३ मा गरेका थिए।

तर, उनको जीवनलाई नजिकबाट हेर्दा हामीले संघर्ष, गरिबी र बारम्बारका असफलताहरू पाउन सक्छौं। त्यति हुँदा पनि उनले कहिल्यै हार मानेनन्। बरु दृढ संकल्प लिएर छिन्नभिन्न हुन लागेको अमेरिकालाई एकताबद्ध गरिराखे।

त्यही इमान्दारीता र साधारण नागरिकप्रतिको संवेदनशीलता अहिले उनको चिनारी बनेको छ।

***विन्स्टन चर्चिल***

दोस्रो विश्वयुद्धको सबैभन्दा अप्ठ्यारो समयमा बेलायत र मित्र राष्ट्रहरूको नेतृत्व गर्ने विन्स्टन चर्चिल आफ्नो समयका सबैभन्दा प्रभावशाली वक्ता र निडर नेता थिए। नाजी जर्मनीले पूरा युरोप कब्जा गरिरहेको समयमा बमबारीदेखि बेलायत पनि अछुत थिएन। त्यहाँ पनि नाजी जर्मनीहरूले उस्तै आक्रमण गरिरहेका थिए। त्यस्तोमा चर्चिलले प्रतिवाद गर्न रुस र अमेरिकासँग रणनीतिक गठबन्धन बनाए।



उनको महानता भाषणमा थियो। उनी आफ्ना भाषणहरूमार्फत निराश बेलायती जनतामा आशा भर्ने सामर्थ्य राख्थे। त्यही कारण पनि आफ्नो देशलाई उनले अर्काको हातमा पर्न नदिएका हुन्।

***ली क्वान***

नेपाली राजनीतिकमा सबैभन्दा बढी चर्चा गरिने राजनीतिज्ञमा ली क्वान यू पनि पर्छन्। दूरदर्शीता, अनुशासन र भ्रष्टाचार उनको पहिचान हो। धेरैले उनलाई आधुनिक सिंगापुरका पिता पनि मान्ने गर्छन्।



किनकि उनले एउटा सानो, स्रोतसाधनविहीन र द्वन्द्वग्रस्त टापुलाई विश्वको सबैभन्दा विकसित, सुरक्षित र समृद्ध राष्ट्रमा रूपान्तरण गरेका हुन्। मलेसियाबाट स्वतन्त्र भएपछि सिङ्गापुर आफ्नो कठिन समयमा जुधिरहेको थियो। त्यस्तोमा उनले त्यहाँको बागडोर सम्हाले।

विश्वका ठूला कम्पनीहरूलाई आकर्षित गर्न उत्कृष्ट पूर्वाधार, शिक्षा र कानुनी शासनको जग बसाले। बहुजातीय समाजमा सद्भाव कायम गर्न आवश्यक कानुन र सामाजिक नीतिहरू लागू गरे।

# इन्धन आपूर्ति गर्ने सैन्य विमानका चार क्रु मेम्बरको मृत्यु

एजेन्सी

काठमाडौं। इराकको पश्चिमी क्षेत्रमा दुर्घटनाग्रस्त भएको अमेरिकी इन्धन आपूर्ति गर्ने सैन्य विमानका चालकदलमध्ये चार जनाको मृत्यु पुष्टि भएको छ। अमेरिकी सेनाको मध्यपूर्व कमान्ड सेन्टकमले शुक्रबार सामाजिक सञ्जाल एक्समा जानकारी दिँदै ६ जनामध्ये ४ चालकदल सदस्यको मृत्यु भएको जनाएको हो।

दुर्घटनामा परेको विमान बोइङको केसी-१३५ स्ट्राटोट्याङ्कर हो। यस विमानले आकाशमै अन्य लडाकु विमानमा इन्धन भर्ने काम गर्छ। सेन्टकमका अनुसार विमान मैत्रीपूर्ण हवाई क्षेत्रभित्र दुर्घटनाग्रस्त भएको थियो। प्रारम्भिक अनुसन्धानले विमान शत्रुको आक्रमण वा आफ्नै पक्षको फायर कारण खसेको नभएको देखाएको छ।

दुर्घटनाको वास्तविक कारणबारे भने अनुसन्धान जारी रहेको सेन्टकमले जनाएको छ। सेन्टकमका अनुसार उक्त घटनामा दुई विमान संलग्न थिए।

दुर्घटनाग्रस्त केसी-१३५ सँगै उडिरहेको अर्को विमान भने सुरक्षित रूपमा अवतरण गर्न सफल भएको बताइएको छ।

मृत्यु भएका चार चालकदल सदस्यको नाम भने परिवारलाई जानकारी नदिइएसम्म सार्वजनिक नगर्ने अमेरिकी सेनाले जनाएको छ। सामान्यतया यसका लागि २४ घण्टासम्म प्रतीक्षा गरिन्छ।

# इरान युद्धले तेल मूल्य उकालो



एजेन्सी

काठमाडौं २९ फागुन। इरानसँग युद्ध सुरु हुँदा तेल र पेट्रोलियमको मूल्य तीव्र रूपमा बढिरहेको छ, जसका कारण अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प आफ्नो ऊर्जा नीतिमा ठूलो परिवर्तन गर्दै छन्।

अमेरिकामा पेट्रोलको औसत मूल्य अहिले करिब ३.६ डलर प्रति ग्यालन पुगेको छ, जुन सन् २०२६ को फेब्रुअरीमा २.३० डलर प्रति ग्यालन थियो। यस परिवर्तनले ट्रम्पको पहिलेको सस्तो इन्धनको प्रचार विपरीत प्रभाव देखाएको छ।

ट्रम्पले आफ्नो सामाजिक मिडिया प्लेटफर्ममा भन्नुभयो, "संयुक्त राज्य विश्वकै सबैभन्दा ठूलो तेल उत्पादक हो। तेलको मूल्य बढ्दा हामीलाई ठूलो आम्दानी हुन्छ।" यसले देशभित्रको राजनीतिक हित र विश्वव्यापी रणनीतिक दबाबबीचको द्वन्द्वलाई स्पष्ट बनाएको छ।

***हर्मुज स्ट्रेट र तेल आपूर्ति सङ्कट***

हाल हर्मुज स्ट्रेटमा तेल र प्राकृतिक ग्यासका ट्याङ्करहरू रोकिएका कारण आपूर्ति शृङ्खलामा अवरोध देखिएको छ। अमेरिकी प्रशासनले विभिन्न कदम चालेर मूल्य स्थिरीकरण गर्ने प्रयास गरिरहेको छ।

विश्लेषकहरूले हालको द्वन्द्वले तेल मूल्यमा अस्थिरता सिर्जना गरेको चेतावनी दिएका छन्। सामान्य अवस्थामा हर्मुज स्ट्रेटमार्फत दैनिक २० मिलियन ब्यारेल तेल यात्रा गर्छ, तर हाल अधिकांश ट्याङ्करले यस मार्ग प्रयोग गर्नबाट टाढा बसेका छन्। यसले विश्व बजारमा तेलको मूल्य ब्रेन्ट क्रुड ४१०० प्रति ब्यारेल सम्म उकासेको छ।

***रणनीतिक र अन्तर्राष्ट्रिय कदमहरू***

ट्रम्प प्रशासनले रूसबाट तेल ल्याउने प्रक्रिया सहज बनाउन अस्थायी अनुमति दिएको छ। यसअघि भारतलाई पनि रूसको तेल किन्ने अनुमति दिइएको थियो। यी कदमले बजार स्थिरीकरणमा मद्दत पुर्‍याउने अपेक्षा गरिएको छ।

अमेरिकी प्रशासनले जोन एक्ट मापदण्ड पनि अस्थायी रूपमा छुट दिने तयारी गरेको छ, जसले अमेरिकी पोर्टहरूमा आवश्यक ऊर्जा र कृषि सामग्रीको आपूर्ति सुनिश्चित गर्नेछ।

***मूल्य वृद्धिको राजनीतिक प्रभाव***

गोल्डम्यान साच्सका विश्लेषकहरूले उच्च तेल मूल्यले मुद्रास्फीति बढाउने, आर्थिक वृद्धिदर कम गर्ने र बेरोजगारी बढाउने सम्भावना रहेका चेतावनी दिएका छन्। ट्रम्पको राजनीतिक रणनीति अनुसार, उनले उच्च तेल मूल्यलाई दीर्घकालीन सुरक्षा र अमेरिकी प्रभुत्वको पक्षमा फाइदा देखाउने प्रयास गरेका छन्। उनका अनुसार अमेरिकी सेना इरानको आक्रामक क्षमताहरू नष्ट गर्न केन्द्रित भएको छ, जसले दीर्घकालीन रूपमा तेल आपूर्ति सुरक्षालाई सुनिश्चित गर्नेछ।

हाल अमेरिका उच्च तेल मूल्यको चुनौतीसँग जुधिरहेको छ, तर प्रशासनले आपूर्ति व्यवस्थापन, अन्तर्राष्ट्रिय सहयोग र सैन्य रणनीतिसहित दीर्घकालीन समाधान खोज्ने प्रयास गरिरहेको छ।

# भारतीय प्रधानमन्त्री र इरानी राष्ट्रपतिबीच कुराकानी





दैनिक समाचारदाता
काठमाडौं, २७ फागुन। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले इरानका राष्ट्रपति मसुद पेजेश्कियानसँग टेलिफोन कुराकानी गरेका छन्।
उनले सामाजिक सञ्जालमार्फत् इरानका राष्ट्रपति मसुदसँग भएको कुराकानीकाबारेमा जानकारी दिएका छन्।
प्रधानमन्त्री मोदीले एक्समा लेखेका छन्, 'क्षेत्र (मध्य पूर्व) को गम्भीर स्थितिबारे मैले इरानका राष्ट्रपति डा. मसुद पेजेश्कियानसँग कुराकानी गरेको छु।'
अमेरिका(इजरायल र इरानबीच बढेको तनाव, आम नागरिकको मृत्यु र संरचनाहरूमा पुगेको क्षतिप्रति आफूले गहिरो चिन्ता व्यक्त गरेको उनको भनाइ छ।
'भारतीय नागरिकको सुरक्षा, सामान र ऊर्जाको बिना रोकटोक आयात(निर्यात भारतको सबैभन्दा ठूलो र पहिलो प्राथमिकता हो,' मोदीले भनेका छन्, 'शान्ति र स्थिरताप्रति भारतको प्रतिबद्धता हामीले फेरि दोहोर्‍याएका छौं। साथै वार्ता र कूटनीतिका माध्यमबाट समस्याको समाधान निकाल्न अपील गरेका छौं।'

# वायु प्रदूषणले नेपालमा वर्षेनी ४२ हजार मानिसको मृत्यु

दैनिक समाचारदाता
काठमाडौँ २९ फागुन। वायु प्रदूषणका कारण नेपालमा वर्षेनी करिब ४२ हजार मानिसको मृत्यु हुने गरेको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले तीमध्ये २१ प्रतिशत मृत्यु पाँच वर्षमुनिका बालबालिका रहने गरेका बताउनुभयो।
वायु प्रदूषणका कारण श्वासप्रश्वाससम्बन्धी दम, मुटुरोग तथा हृदयघात, मस्तिष्कघात, उच्च रक्तचाप, मधुमेह, क्यान्सर र स्मरण शक्ति कमजोर हुने समस्या देखिने गरेको उहाँले बताउनुभयो।
प्रदूषणका कारण बालबालिकालाई श्वासप्रश्वाससम्बन्धी समस्या देखिनु, मुटुसम्बन्धी रोग हुने सम्भावना बढ्नु, शिशु बिरामीदर बढ्नु, बाल्यकालमा क्यान्सरको जोखिम हुनु, मस्तिष्क विकासमा ढिलाइ र असामान्य व्यवहार देखिनु, कुपोषणको देखिनु जस्ता समस्या पनि देखिने



गरेका विज्ञहरूले बताउने गरेका छन्। यस्तै, कम तौलको बच्चा जन्मिनु, रक्तअल्पता हुनु, बाँझोपन हुनु, गर्भकालीन मधुमेह हुनु, मानसिक स्वास्थ्य समस्या देखिनु जस्ता समस्या आउने गरेका छन्।
विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)को मापदण्डभन्दा नेपालमा वायु प्रदूषण आठ गुणा बढी देखिएको मन्त्रालयका प्रवक्ता डा बुढाथोकीले जानकारी दिनुभयो। नेपालमा बिहीबार वायु गुणस्तर सूचक १८५ सम्म देखिएको उहाँले बताउनुभयो।
डब्लुएचओको मापदण्डअनुसार स्वास्थ्यका लागि हानिकारक मानिने सूक्ष्म कणको वार्षिक औसत मात्रा प्रतिघनमिटर पाँच माइक्रोग्रामभन्दा बढी हुनुहुँदैन। सूक्ष्म कण त्योभन्दा कम भएमा हावामा तैरने सक्ने र जसले श्वासप्रश्वास प्रक्रियामा फोक्सोसम्म पुग्ने गरेको डा बुढाथोकीले बताउनुभयो। नेपालमा डब्लुएचओको मापदण्डभन्दा बढी नै प्रदूषण भएको उहाँले बताउनुभयो।
वायु गुणस्तर सूचक ० देखि ५० सम्म स्वस्थ, ५१ देखि १०० सचेत, १०१ देखि १५१ सम्म जोखिम समूह (ज्येष्ठ नागरिक, दीर्घरोग र बालबालिका) का लागि हानिकारक मानिन्छ। वायु गुणस्तर सूचक १५१ भन्दामाथि भएमा अस्वस्थ्य मानिने गरिएको छ।
यसलाई डब्लुएचओको मापदण्डभित्र पुर्‍याउन सके हरेक वर्ष नेपालीको आयु तीन दशमलव तीन वर्षले बढ्ने अनुमान गरिएको छ। वायु प्रदूषणकै कारणले वार्षिक ७९ लाख मानिसको मृत्यु हुने गरेको र तीमध्ये ९० प्रतिशत कम र मध्यम आय भएका देशका नागरिक पर्दछन्। वायु प्रदूषण सवारीसाधनबाट निस्केको धुँवा, औद्योगिक उत्सर्जन, खुला रूपमा फोहर तथा जैविक पदार्थ जलाउँदा निस्कने धुँवा, सडक र निर्माण कार्यको धुलो, वन डढेलो र किटनाशक र विषादीको प्रयोगलगायतबाट हुने गरेको छ। रासस

# ओलीका पिताप्रति रविको श्रद्धाञ्जली



काठमाडौँ २९ फागुन। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले नेपाल कम्युनिस्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीका पिता मोहनप्रसाद ओलीको निधनप्रति गहिरो दुःख व्यक्त गर्नुभएको छ।
सभापति लामिछानेले बिहीबार एक शोक सन्देश जारी गर्दै अध्यक्ष ओलीका पिता मोहनप्रसाद ओलीको निधनको खबरले आफूलाई मर्माहत तुल्याएको बताउनुभएको हो। उहाँले दुःखको यस घडीमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्नुभएको छ।
सन्देशमा सभापति लामिछानेले भन्नुभएको छ, 'नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीज्यूका पूजनीय पिता मोहनप्रसाद ओलीको निधनले दुःखी तुल्याएको छ। यस दुःखद घडीमा दिवङ्गतप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भन्ने कामना गर्दछु।'
लामिछानेले शोकको यस समयमा अध्यक्ष ओली र उहाँको सम्पूर्ण परिवारप्रति गहिरो समवेदना समेत प्रकट गर्नुभएको छ।

# इनिसा विकलाई न्याय माग्दै विद्यार्थीको प्रदर्शन

दैनिक समाचारदाता
सुर्खेत, २९ फागुन। १६ वर्षीया किशोरी इनिसा विकलाई न्याय दिनुपर्ने माग गर्दै विद्यार्थीहरूले शुक्रबार प्रदर्शन गरेका छन्।
शुक्रबार बिहान उनका कक्षा-साथीहरूले इनिसाका लागि न्यायको माग गर्दै जिल्ला प्रहरी कार्यालय सुर्खेत अगाडि प्रदर्शन गरेका हुन्।
इनिसा वीरेन्द्रनगर-६ घण्टाघर नजिक रहेको उषा बालबाटिका विद्यालयमा कक्षा ११ मा विज्ञान विषय लिएर अध्ययनरत थिइन्।
प्रदर्शनमा सहभागी विद्यार्थीहरूले 'इनिसा विकलाई न्याय दे', 'बलात्कारीलाई फाँसी दे', 'जस्टिस फर इनिसा', 'वी वान्ट जस्टिस' लगायतका नारा लेखिएका प्लेकार्ड बोकेका थिए।
विद्यालय परिसरबाट सुरु भएको विरोध र्‍याली जिल्ला प्रहरी कार्यालय सुर्खेतको गेटसम्म पुगेर प्रदर्शनमा परिणत भएको थियो।
प्रदर्शनकारीहरूले इनिसा विकको हत्याको निष्पक्ष छानबिन गरी दोषीलाई कानुनअनुसार कडा कारबाही गर्न माग गरेका छन्।
इनिसाको मृत्यु शङ्कास्पद रहेको भन्दै घटनाको सत्यतथ्य सार्वजनिक गर्न र पीडित परिवारलाई न्याय दिलाउन राज्यका सम्बन्धित निकाय गम्भीर बन्नुपर्ने विद्यार्थीहरूको माग छ।




गुर्भाकोट-६ बडाखोली स्थायी घर भएकी इनिसा विकको शव २३ फागुन बिहान वीरेन्द्रनगर-४ स्थित शहीद पार्क नजिकको जनजागरण सामुदायिक वनमा फेला परेको थियो। मृतकका आफन्तले सामूहिक बलात्कारपछि हत्या गरिएको आशङ्का गर्दै २५ फागुनमा जिल्ला प्रहरी कार्यालय सुर्खेतमा उजुरी दिएका थिए।
घटनामा संलग्न रहेको आरोपमा प्रहरीले चार जनालाई पक्राउ गरेको छ। पक्राउ परेकाहरू चारै जना इनिसाकै कक्षाका विद्यार्थी रहेको प्रहरीले जनाएको छ।
सुर्खेत प्रहरीले २३ फागुन दिउँसो नै एक १६ वर्षीय किशोरलाई पक्राउ गरेको थियो। थप अनुसन्धानका लागि २४ फागुनमा अन्य तीन जनालाई नियन्त्रणमा लिएर अनुसन्धान सुरु गरिएको जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रवक्ता तथा डीएसपी मोहनजंग बुढथापाले जानकारी दिएका छन्।

## ३० भन्दा.......

प्रतिनिधिसभाको निर्वाचनमा स्थानीय सरकारबाट राजीनामा दिएका १७ जनप्रतिनिधि उम्मेदवार बनेका थिए। त्यसमध्ये १४ जनाले चुनाव हारे। १३ जना प्रदेश सभा सदस्य कार्यकाल नसकिँदै राजीनामा दिएर प्रतिनिधिसभा सदस्यमा उठेका थिए। ती मध्ये पाँचजनाले मात्र चुनाव जिते।
यी लगायत रिक्त भएका स्थानीय तह र प्रदेश सभा सदस्यको ठाउँमा उपनिर्वाचन गर्ने वा के गर्ने भनेर सरकारसँग छलफल गर्न बाँकी रहेको निर्वाचन आयोगका अधिकारीहरू बताउँछन्। आयोगका अनुसार प्रतिनिधिसभा सदस्यको निर्वाचनको सम्पूर्ण नतिजा आइसकेपछि नयाँ सरकार बन्ने र नयाँ सरकारसँगै उपनिर्वाचनको विषयमा छलफल हुनेछ। आयोगका अनुसार नयाँ सरकार चैतको दोस्रो साताभित्र बनिसक्छ। एउटै दलको स्पष्ट बहुमत आएकोले निर्वाचन प्रतिवेदन राष्ट्रपतिकहाँ बुझाएपछि सम्बन्धित दलले संसदीय दलको नेता चयन गर्नेछ। संसदीय दलको नेता चयन भएको विषय राष्ट्रपतिले जानकारीमा पाएसँगै प्रधानमन्त्री नियुक्त हुनेछन्।

## ग्यास....

सामाजिक तथा साँस्कृतिक अधिकार विषयक अनुबन्ध १९६६ ले उपभोक्तालाई प्रदान गरेका अधिकारको प्रचलनमा असहजता सिर्जना गरेको पाइएको छ,' आयोगले भनेको छ।
साथै, पेट्रोलियम पदार्थको वितरण सहज बनाउन सबै उपाय अवलम्बन गर्न, कृत्रिम अभाव पैदा गरेको पाइएमा कानूनी दायरामा ल्याउन, अनावश्यक भण्डारण गर्ने प्रवृतिलाई नियमन गर्नेतर्फ आवश्यक पहल गर्न र अत्यावश्यकीय वस्तुहरूको आपूर्तिको व्यवस्था अविलम्ब मिलाई उपभोक्ताको अधिकार संरक्षण गर्न आयोगले सरकारलाई निर्देशन दिएको छ।

## सुवेदील......

संयुक्त इजलासमा रहेका अर्का न्यायाधीश टेकप्रसाद ढुङ्गानाले पनि सहमति जनाएका छन्।
अब यस मुद्दामा अन्तरिम आदेश जारी गर्ने वा नगर्ने विषयमा छलफल गर्न सर्वोच्च अदालतले आगामी चैत १ गतेका लागि नयाँ पेसी तोक्न आदेश दिएको छ।
अदालतको आदेशअनुसार चैत १ गते न्यायाधीश सुवेदीबाहेकको अर्को इजलासमा मात्रै यो मुद्दाको सुनुवाइ हुनेछ।
निवेदक किशोरी साह कमलले धनुषा(१ मा आफ्नो उम्मेदवारी खारेज गरिएको भन्दै निर्वाचन आयोग नेपाललाई विपक्षी बनाएर रिट दायर गरेका हुन्। यसअघि बिहीबार उनलाई कालोसूचीमा नराख्न सर्वोच्च अदालतले आदेश दिएको थियो।




'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४